# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २४२ | काठमाडौं | शनिबार, १३ पुस २०८१ | Prabhab National Daily | Saturday, December 28, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# वामदेवलाई एकीकृत समाजवादीको ओत




- वरिष्ठ उपाध्यक्ष पद स्वीकार
- माधव र झलनाथपछिको वरीयता
- नेपाली विशेषताको समाजवादी कार्यक्रम मान्य
- गौतमबाहेकका नेताहरूको कार्यविभाजन बाँकी

■ जेबी योञ्जन

**काठमाडौं–** नेपाली कम्युनिस्ट आन्दोलनमा वामदेव गौतमको राजनीतिक छवि ५० को दशकमा चम्किलो थियो । पार्टी संगठन निर्माणदेखि विचार निर्माणसम्म मात्रै होइन, राजकीय र पार्टी सत्ता जताततै प्रभावी थिए ।

उनको बोलीमा शक्ति हुन्थ्यो । तर, यतिबेला उनी निकै कमजोर छन् । उनीसँग न संगठन छ न पछि लाग्ने नेता कार्यकर्ताको शक्तिशाली समूह । उनले डेढ महिनाअघि भनेका प्रभावकर्मीसँग थिए, 'मलाई ओली, दाहाल, नेपाल कसैले गन्नै छाडे । कमजोर भएरै त होला नि ।'

शक्तिहीन भएका गौतमलाई ओली र दाहालले पत्याएनन् । दुई नेतासँग गौतमले सम्वाद नगरेका होइनन् । तर, दुवै नेताले आफ्नो दलमा गौतमलाई भित्र्याउन चाहेनन् । नेपाललेचाहिँ तेस्रो वरीयताको नेताका रूपमा गौतमलाई एकीकृत समाजवादीमा स्वागत गर्ने भएका छन् । उनी एमालेका पूर्वउपाध्यक्षसमेत हुन् । उनले यसअघि जसले अध्यक्ष पद दिन्छ, त्यतै जान्छु भनेका थिए । तर, गौतमले एकीकृत समाजवादीको वरिष्ठ उपाध्यक्ष स्वीकार गरेका छन् । उनी अध्यक्ष नेपाल, सम्मानित नेता झलनाथ खनालपछि तेस्रो वरीयतामा रहनेगरी जाँदै छन् । उनीपछि वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे चौथो वरीयतामा हुने छन् ।

उनले एमालेबाट १८ भदौ २०७८ मा अलग हुँदै 'नेकपा एकता राष्ट्रिय अभियान' गठन गरेका थिए । ओली, दाहाल र नेपाललाई मिलाउन सक्ने खुबीयुक्त नेता भनेका थिए । तर, उनी असफल भए, जुन स्वयंले स्वीकारेका छन् ।

यस्तोमा नेपालको दल एकीकृत समाजवादीसँग औपचारिक र अनौपचारिक वार्तापछि गौतमले अभियानलाई विलय गराउने भएका छन् । एकीकृत समाजवादीको महाधिवेशनले पारित गरेको 'नेपाली विशेषताको समाजवादी कार्यक्रम'लाई गौतमले स्वीकारेका छन् । एकीकृत समाजवादीले गत असारमा भएको महाधिवेशनबाट नेपाली विशेषताको वैज्ञानिक समाजवादको कार्यदिशा पारित गरेको थियो । गौतम भित्रिएपछि एमालेका पूर्वअध्यक्ष खनाल, पूर्वमहासचिव माधवकुमार नेपालबीच फेरि एक पटक राजनीतिक सहकार्य हुने भएको छ ।

तर, गौतमबाहेक उनको समूहमा रहेका नेताहरूको कार्यविभाजन टुंगो लागेको छैन । यसबारे छलफल भइरहेको स्थायी कमिटी सदस्य दिलु पन्तले बताइन् । 'बामदेव कमरेडलाई कुन पदमा ल्याउने ? त्यसमा कुरा मिलिसक्यो । उहाँहरूसँगै रहेका कमरेडहरू के जिम्मेवारी दिने ? छलफल भइरहेको छ,' उनले भनिन् ।

उनका अनुसार क्षमताका आधारमा भूमिका दिनेबारे पार्टीमा छलफल भइरहेको छ ।

क्रमशः पृष्ठ २ मा

# नौ रूपैयाँको नुन किन्न, २५ सय खर्च !




**सिमकोट (हुम्ला)–** सर्केगाड गाउँपालिका-१ तुम्च गाउँका नागरिकलाई अनुदानको नुन किन्नका लागि चर्को खर्च गर्नुपर्ने बाध्यता छ । अनुदानमा प्राप्त हुने नौ रूपैयाँको नुनलाई उनीहरूले दुई हजार ५०० रूपैयाँसम्म खर्च गरिरहेका छन् । नुन वितरणको डिपो कार्यालय गाउँभन्दा टाढा हुँदा महँगो गाडी भाडा तिरेर उनीहरू नुन किन्न जानुपरेको छ । नुन लिन जाँदा र घर फर्कनमात्रै उक्त रकम खर्च हुने गरेको स्थानीय रामशरण रावतले बताए ।

केही दिनअघि साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले बिक्री गर्ने नुन खरिद गर्न सर्केगाडस्थित डिपोमा ठूलो खर्च भएको उनले बताए । उनले भने, 'गाउँभन्दा पालिका केन्द्र टाढा छ । अनुदानमा नौ रूपैयाँ पर्ने नुन लिन जान २५ सय रूपैयाँ खर्च लाग्छ ।' एक दिनको पैदलयात्रामा पुगिने ठाउँमा गाडीमा आवतजावत गर्दा २५ सय रूपैयाँ लाग्ने गरेको रतन रावतले बताए । साल्ट ट्रेडिङको सर्केगाड बजारमा रहेकाले डिपो केन्द्रमार्फत मात्र बिक्री गर्दा तुम्चका ९५ घरधुरीलाई समस्या हुने गरेको रावतको भनाइ छ ।

गाउँपालिका केन्द्र टाढा रहेकाले गाउँपालिकाबाट पाउने अन्य सेवा सुविधाबाटसमेत वञ्चित भइ वडा कार्यालय जानसमेत तीन घण्टा पैदल हिँड्नुपर्ने बाध्यता रहेको रावतले सुनाए । वडा कार्यालय जैरमा भएकाले तीन घण्टाको उकालो हिँडेर विभिन्न सिफारिस लिनुपर्ने अवस्था छ ।

तुम्च गाउँका नागरिकले नुन सर्केगाड नपुर्‍याइ बालुकुना क्षेत्रबाट वितरण गर्दा

> अनुदानमा प्राप्त हुने नौ रूपैयाँको नुनलाई उनीहरूले दुई हजार ५०० रूपैयाँसम्म खर्च गरिरहेका छन् । नुन वितरणको डिपो कार्यालय गाउँभन्दा टाढा हुँदा महँगो गाडी भाडा तिरेर उनीहरु नुन किन्न जानुपरेको छ ।

आफूहरूलाई सहज र खर्च पनि बच्ने उनीहरूको भनाइ छ । साल्ट ट्रेडिङ कर्पोरेसन शाखा हुम्लाका प्रमुख राजबहादुर लामा भने दक्षिण भेगका चारवटा गाउँपालिकाका लागि सहज पहुँच पुग्नेगरी बिक्री केन्द्रबाट वितरण हुँदै आएको बताए ।

एक-दुई पटक यहाँका नागरिकको समस्यालाई हेरी तुम्चका लागि बालुकुनामै वितरण भएको उनको भनाइ छ । अहिले चंखेली र सर्केगाडका लागि सर्केगाड बिक्री केन्द्र र अदानचुली र ताँजकोटका लागि अदानचुलीको श्रीनगरसम्म पुर्‍याउने सम्झौता भएको लामाले बताए । ती चारवटा गाउँपालिकाका लागि चालु आर्थिक वर्षमा १८ सय क्विइन्टल नुन पुर्‍याइने छ । सर्केगाडका लागि ५००, चंखेली ४००, अदानचुली ५००, ताँजकोट गाउँपालिकाका लागि ४०० क्विइन्टल नुन ढुवानी हुने भएको छ । अहिले दक्षिण भेगमा नुन ढुवानी भइरहेको बताइएको छ । *रासस*




# लैंगिक तथा यौनिक अल्पसंख्यकलाई नागरिकता प्राप्तिमा कानुनी सुधारको माग

**काठमाडौं (प्रस)–** लैंगिक तथा यौनिक अल्पसंख्यकलाई नागरिकतालगायत पहिचानको प्रमाणपत्र प्राप्तिमा रहेका कानुनी जटिलता फुकाउनुपर्नेमा जोड दिइएको छ ।

लैंगिक तथा यौनिक अल्पसंख्यकलाई नागरिकता लिन भएका समस्याका बारेमा महिला, कानुन र विकास मञ्चले शुक्रबार यहाँ आयोजना गरेको छलफल कार्यक्रममा सर्वोच्च अदालतले नागरिकता दिनू भनी फैसला गर्दा पनि विभिन्न जिल्ला प्रशासन कार्यालयले नदिएकाले कानुनी सुधार गरिनुपर्नेमा सहभागीले जोड दिएका हुन् ।

कार्यक्रममा अधिवक्ता सूष्मा गौतमले कानुनी पहिचान नभएर सर्वोच्च अदालत पुगेका दिदीभाइको पक्षमा वकालत गर्न जाँदा मुद्दाका तर्फबाट एउटाले मात्र वकालत सुन्न पाएको उल्लेख गर्दै पहिचानको परिचयपत्र नभएकै कारण आफ्नै विषयमा भइरहेको वकालत सुन्ने अवसरबाट नागरिक वञ्चित भएको जानकारी गराइन् ।

क्वेरिज युथ ग्रुपकी रुक्सना कपालीले लैंगिक तथा यौनिक अल्पसंख्यकलाई परिचय पत्रको माग गर्दै २५ वटा मुद्दा आफूले सर्वोच्च अदालतमा दर्ता गरेको बताइन् । वि.सं. २०७७ मा सर्वोच्च अदालतमा दायर गरेको मुद्दाको हालैमात्र पूर्णपाठ आएको उल्लेख गर्दै उनले परिचयपत्रविना नागरिकका पाँच, सात वर्ष यत्तिकै खेर जाने गरेकाले यसमा कानुनी सुधारको आवश्यकता औंल्याइन् ।

ब्लु डाइमण्ड सोसाइटीका सञ्जय शर्माले नागरिकताका लागि सबै जना अदालत गएर लड्न नसक्ने भएकाले छिटो कानुनी सुधार गरी समस्या समाधान गरिनुपर्ने विचार राखे । सोही संस्थाका सुदीप गौतमले जन्मदर्ता फारममा बालक र बालिकाको मात्र व्यवस्था हुने गरेकाले तेस्रो लिंगी बालबालिकाका अभिभावकले जन्मदर्ता गर्न समस्या परेको उल्लेख गर्दै यस्तो व्यवस्था सुधार गर्न माग गरे ।

मञ्चकी अधिवक्ता बिनु लामाले कानुनमा महिला र पुरुषबीच विवाह हुन्छ भन्ने व्यवस्था गरिएकाले समलिंगीलगायत विवाह दर्ता गर्न नसकिएकाले कानुनी सुधारका लागि संयुक्तरूपमा पहल गर्नुपर्ने बताइन् ।

पृष्ठ १ बाट क्रमशः

## वामदेवलाई एकीकृत...

गौतमनिकट नेता बलराम बाँस्कोटाले पनि कार्यविभाजन र जिम्मेवारी बाँडफाँट टुंगो लाग्न बाँकी रहेको बताए । त्यसपछि पार्टी एकता हुने उनको भनाइ छ । 'पार्टी एकता त गर्ने भयौं नै तर नेताहरूको जिम्मेवारी बाँडफाँटका केही विषय बाँकी छन्, ती टुंगिएपछि एकता हुन्छ,' बाँस्कोटाले भने । उनले दुई पक्षबीच राजनीतिक, वैचारिक र सैद्धान्तिक ठूलो विवाद नभएको बताए ।

गौतमले जनताको बहुदलीय जनवादको औचित्य सकिएको दाबी गर्दै आएका छन् । उक्त सिद्धान्त तत्कालीन एमाले अध्यक्ष मनमोहन अधिकारी र महासचिव मदन भण्डारीको नेतृत्वमा प्रतिपादन गरिएको हो । हाल आएर भने नेपालको दलले अघि सारेको नेपाली विशेषताको समाजवादी कार्यक्रमको औचित्य रहेको उनको मत छ ।

यसरी वैचारिकरूपमा निकट नेता गौतमसँग एकीकृत समाजवादीको गत साता बसेको स्थायी समिति बैठकले एकताका लागि छलफल गर्ने निर्णय गरेको थियो । त्यसपछि एकपटक औपचारिक र तीन चरणमा अनौपचारिक छलफल भइसकेको छ ।

यसअघि ओलीले बोलाए एमाले जान आफूलाई हतार लागेको भएका थिए । राष्ट्रिय सभा सदस्यसमेत रहेका उनले आफ्नै बुद्धि कमजोर भएकाले एमालेबाट बाहिर बस्नुपरेको बताएका थिए । तर, एमाले निर्माणमा ७५ प्रतिशत आफ्नो भूमिका रहेको उनको दाबी थियो । ओलीले उनलाई वास्तै गरेनन् । बरु, उनका नेता कार्यकर्तालाई एमालेमा भित्र्याए । कारण, ओली आफ्ना प्रतिस्पर्धी नेताभन्दा पनि तल्ला तहका नेता कार्यकर्तालाई भित्र्याउने रणनीतिमा रहेको एमालेकै एक नेताले बताए ।

गौतम नेकपाकालसम्म पनि प्रभावशाली थिए । पार्टी सचिवालय बैठकमा जता उनी ढल्किन्थे, त्यतै बहुमत पुग्थ्यो । त्यसैले पार्टीमा उनको राजनीतिक मूल्य उच्च थियो । त्यसबेला ओली त कहिले दाहाल कित्तामा उभिए । अवसरका लागि अस्थिर नेताको पहिचान बनाए । यद्यपि, प्रतिनिधिसभा चुनाव हारे पनि राष्ट्रियसभा सदस्य भइछाडे । त्यसपछि उनले राष्ट्रियसभा सदस्य पनि प्रधानमन्त्री बन्नेगरी संविधान संशोधनका लागि दबाब बढाए । तर, संशोधन भएन । चरम अवसरवादी चरित्रयुक्त नेता गौतम भने यतिबेला भीर नजिकको बूढो रुखजस्तै भए । यस्तो अवस्थामा एकीकृत समाजवादीमा जाने अन्तिम तयारीमा गौतम छन् ।

गौतम ५० को दशकमा पश्चिम तराईमा एमालेका चर्चित नेता थिए । २०४८ र २०५१ मा बर्दिया क्षेत्र नम्बर १ बाट उनी लगातार विजयी भए । मनमोहन अधिकारी नेतृत्वको पहिलो कम्युनिस्ट सरकारमा उनी उपप्रधान तथा गृहमन्त्री भए । तर, २०५६ र २०६४ मा चुनाव हारे । तैपनि उनी २०६४ पछिको संसद्बाट उपप्रधान तथा गृहमन्त्री भए । २०७० मा भने बर्दिया-१ र प्युठान-१ बाट निर्वाचित भए र अन्तिममा बर्दिया छाडे । त्यसबेला पनि उनी उपप्रधान तथा गृहमन्त्री भए । त्यसपछि २०७४ मा वाम गठबन्धनबाट चुनाव लड्दा पनि हारे ।

उनी ती नेता पनि जो महाकाली सन्धीको विरोध गर्दै एमाले २०५४ मा एमाले फुटाउने नेता पनि हुन् । पार्टी फुटाउँदा ठूलो समूह लगेका उनको तत्कालीन दल नेकपा मालेले एउटा सिट पनि चुनाव जितेन । यसपछि फेरि गौतम एमालेमा फर्किएका थिए ।

यसरी राजनीतिक जीवनमा प्रभावशाली छँदा अवसर पाएका गौतम यतिबेला भने कमजोर राजनीतिक शक्तिका साथ एकीकृत समाजवादी जान लागेका हुन् । ७६ वर्षीय गौतम हक्की स्वभावका नेता हुन् ।


## युएइमा रोजगार

कम्पनी: ALFIRAS GENERAL CONTRACTING - L.L.C

पुन: स्वीकृत मिति : २०८१/०९/१२ LT. No. 316089 चलानी नं ६०२३०४५३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason Assistant | 40 | 0 | 1000 | ३७,२६५ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Building Worker/Labour | 55 | 0 | 800 | २९,८१२ | | | | | | | |
| 3 | Scafolder | 15 | 0 | 1200 | ४४,७१८ | | | | | | | |

कम्पनी: SAUDI DIMENSIONS COMPANY LIMITED SAUD ARABIA

पुन: स्वीकृत मिति : २०८१/०९/१२ LT. No. 316089 चलानी नं ६०२३०४५२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter (Shuttering) | 10 | 0 | 1200 | ४४,७१८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | electrician | 10 | 0 | 1200 | ४४,७१८ | | | | | | | |
| 3 | GENERAL HELPER (MALE) | 60 | 0 | 800 | २९,८१२ | | | | | | | |
| 4 | MASON | 10 | 0 | 1200 | ४४,७१८ | | | | | | | |
| 5 | STEEL FIXER | 10 | 0 | 1200 | ४४,७१८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: 1. Anjali trainingcentre, itahari, 2. Sunsari multi purpose training centre, itahari, 3. Octopus training centre, jhapa damak, 4. Jhapa technical training centre, jhapa birtamod, 5. Sailesh training centre, siraha, 6. Maoulakalika training centre, chitwan bharatpur–10
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पुस २० गते (14th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd**
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787/6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com.
श्रम ईजाजत नं. 1072/073/74



### वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **Star Bridge H.R. Solution Pvt.Ltd.** (ई.प.नं.१५९२/०७९/०८०) सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिंदा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **बैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | अब कायम हुने शेयरधनीहरुको नाम/ शेयर संख्या |
|---|---|
| १. श्री अजुध्या प्रसाद यादव (००१-५००००)<br>२. श्री राजेश घर्ति मगर (५०००१-१०००००) | १. श्री अजुध्या प्रसाद यादव (००१-१०००००) |

### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति: २०८१/०९/१३**

यस कम्पनीको मिति २०८१/०८/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यात्री अर्गनाइजेसन प्रा.लि.**/Yatri Organization Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **आमा इन्टरनेशनल एजुकेशन सोलुसन प्रा.लि.**/Aama International Education Solution Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०५/२९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **आमा इन्टरनेशनल एजुकेशन सोलुसन प्रा.लि.**/Aama International Education Solution Pvt. Ltd. (**प्रा.लि.नं.**३२७७५१) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८१/०९/१३**

यस कम्पनीको मिति २०८१/०७/२८ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **यति हार्डवेयर प्रा.लि.**/Yeti Hardware Pvt. Ltd. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **यति ट्रेड लिङ्क प्रा.लि.**/Yeti Trade Link Pvt. Ltd. (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०८/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **यति ट्रेड लिङ्क प्रा.लि.**/Yeti Trade Link Pvt. Ltd. (**प्रा.लि.नं.**३२७८५४) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशन मिति:** २०८१/०९/१३

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको गोलिया ४४७.६१ क्यू.फि. काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री ठुलो चिउरी सा.व.उ.स., रैनादेवी छहरा-७ र ८, पाल्पा ।**

### दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Pashupati HR Solution Pvt. Ltd. (ई.प.नं. १४००/०७४/७५) ले** यस विभाग समक्ष सुनसरी जिल्ला इटहरी उ.म.न.पा. वडा नं. ६ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०९/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

### काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम सूचना प्रकाशन मिति:** २०८१/०९/१३

यस सामुदायिक वन उपभोक्ता समूहबाट आ.व. ०८०/८१ मा संकलन भएको साल जातको गोलिया ८२९.७७ क्यू.फि. काठ लिलाम बिक्री गर्नु परेकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र शिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री चिदीपानी सा.व.उ.स., रैनादेवी छहरा-७, पाल्पा ।**

### दावी विरोध सम्बन्धी वैदेशिक रोजगार विभाग काठमाडौंको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजतपत्र प्राप्त संस्था **श्री Sunlight Recruitment Service Pvt. Ltd. (ई.प.नं. ११८९/०७३/७४) ले** यस विभाग समक्ष कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ८ स्थित शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभाग**मा सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको मिति २०८१/०९/०७ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

### श्री रानीटप्पा महिला सामुदायिक वन उपभोक्ता समूह
जानकी-६, कैलाली

**काठ/दाउरा विक्री वितरण सम्बन्धी सूचना !**

(प्रथम पटक प्रकाशित मिति : २०८१/०९/१३ गते)

उपरोक्त सम्बन्धमा यस सामुदायिक वन उपभोक्ता समूहले आ.व. २०८०/०८१ मा सङ्कलन गरी घाटगद्धीमा मौज्दात रहेको काठ दाउरा स.डि.व.का.टिकापुरको च.नं.२२ मिति २०८१/०५/०६ गतेको छिमेकी उपभोक्तालाई काठ दाउरा विक्री वितरणका लागि सहमति दिइएको बारेको पत्रानुसार खयर जातको गोलिया काठ थान १६२ को २८५.५३ र हल्दु १४ थान को १४५.७१ क्यु.फि.छिमेकी उपभोक्ताहरूको घरायसी प्रयोजनका लागि विक्री वितरण गर्ने भएकाले आफ्नो आवश्यकताको कारण तथा विवरण खोली सूचना प्रकाशन भएका मितिले १० (दश) दिनभित्र यस समूहको कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

### नेपाल सरकार
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनी दर्ता खारेज गरिएको सूचना**

*(प्रथम पटक प्रकाशित मिति २०८१/०९/१३ गते)*

यस कार्यालयमा २०५८/०९/२६ मा दर्ता भएको प्रा.लि.नं.१७५९८ को **हेटौडा मल्टीप्रपोज कम्पनी प्रा.लि.**नामक कम्पनी यस कार्यालयको मिति २०८१/०९/०९ गतेको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) वमोजिम दर्ता/स्वेच्छिक खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो **सूचना** प्रकाशित गरिएको छ ।

### सिद्धार्थ इन्टरनेशनल होटल लि.
मायादेवी - ०८, भैरहवा

**वार्षिक साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक मिति २०८१/०९/१३ गते प्रकाशित

यस सिद्धार्थ इन्टरनेशनल होटल लि. को मिति २०८१/०९/०३ गते बसेको संचालक समितिको बैठकको निर्णय तथा कम्पनीको स्वीकृत नियमावलीको नियम १८(३) बमोजिम २१ दिन अगावै शेयरधनीहरुलाई वार्षिक साधारण सभाको सूचना दिनु पर्ने व्यवस्था बमोजिम यस कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने तथा उक्त सभामा निम्न बमोजिमका प्रस्तावहरु छलफलको लागि प्रस्तुत हुने व्यहोरा सम्पूर्ण शेयरधनीहरुलाई सूचित गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति** : २०८१/०९/२७ गते ।
**समय** : बिहान १० : ०० बजे
**स्थान** : सिद्धार्थ इन्टरनेशनल होटल लि., भैरहवा

**छलफलका विषयहरु :**

**(१) सामान्य प्रस्ताव:**
(क) आ.व. २०८०/८१ को संचालक समितिको वार्षिक प्रतिवेदन सम्वन्धमा ।
(ख) आ.व. २०८०/८१ लेखापरिक्षकको प्रतिवेदन सहितको वित्तिय विवरणहरु सम्वन्धमा ।
(ग) कम्पनीको आ.व. २०८१/८२ को हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
(घ) संचालक समितिको गठन सम्वन्धमा ।

**(२) विशेष प्रस्ताव:**
(क) कम्पनीको प्रबन्धपत्र र निमायवली संशोधन सम्वन्धमा ।
(ख) साधारण शेयर (IPO) निष्काशन सम्वन्धमा ।
(ग) कम्पनीको प्रबन्धपत्र र नियमावली संशोधन तथा IPO निष्काशन सम्वन्धमा संचालक समितिलाई अख्तियारी सम्वन्धमा ।

**(३) विविध ।**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शनिबार, १३ पुस, २०८१

| | |
|---|---|
| **मेष** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **वृष** | सुखद समाचारले मनको डर उत्साहमा रुपान्तरण । |
| **मिथुन** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **कर्कट** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **सिंह** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **कन्या** | अरूको करकापमा काम गर्न बाध्य । |
| **तुला** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **वृश्चिक** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **धनु** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **मकर** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **कुम्भ** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **मीन** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१३ पुस, २०८१ (२८ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.०३ | १३६.६३ |
| युरो | १ को | १४१.६४ | १४२.२७ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.७२ | १७१.४७ |
| स्विस फ्रैन्क | १ को | १५१.१९ | १५१.८५ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८९ | ८५.२६ |
| क्यानाडियन डलर | १ को | ९४.७० | ९५.११ |
| सिङ्गापुर डलर | १ को | १००.१८ | १००.६३ |
| जापानी येन | १० को | ८.६५ | ८.६८ |
| चिनियाँ युआन | १ को | १८.६४ | १८.७२ |
| साउदी अरब रियाल | १ को | ३६.२३ | ३६.३९ |
| कतारी रियाल | १ को | ३७.३२ | ३७.४९ |
| थाई भाट | १ को | ३.९८ | ४.०० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.०४ | ३७.२० |
| मलेसियन रिङेट | १ को | ३०.३२ | ३०.४५ |
| दक्षिण कोरियन वन | १०० को | ९.३३ | ९.३८ |
| स्विडिस क्रोनर | १ को | १२.२७ | १२.३३ |
| डेनिस क्रोनर | १ को | १८.९६ | १९.०५ |
| हङकङ डलर | १ को | १७.५१ | १७.५९ |
| कुवेती दिनार | १ को | ४४१.५१ | ४४३.४६ |
| बहराइन दिनार | १ को | ३६०.४४ | ३६२.०२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।





▸▸ रचना मोक्तान यात्री

# समयको सिकारलाई नियाल्दा

मान्छे जन्मनु-मर्नु, विभिन्न दुःख कष्टसँग जुधेर अघि बढ्नु नै जीवन हो । हरेक मानिसको जीवनमा केही न केही घटनाक्रमहरू घटिरहेका हुन्छन् । किशोरावस्थाको प्रवेशमा जे जति डर त्रासको अवस्थामा रह्यो, ती घटनाक्रम साँच्चै जिन्दगी रहुञ्जेल नमेटिने छाप बनिरह्यो, र बनिरहन्छ नै ।

जिन्दगी भनेकै भोगाइ र अनुभव बटुलेर बाँच्ने एक मुठी श्वास रहेछ । तपाईंलाई यो लेख कथा लाग्न सक्ला, वकबास लाग्न सक्ला वा इतिहास पनि लाग्न सक्ला ! देशमा जनयुद्ध सुरु हुँदा १२ वर्षकी थिएँ । जताततै हत्या, हिंसा र बम पडकिएको, लुटिएको जस्ता घटनाक्रमसँगै मेरो जीवनमा पनि अविष्मरणीय घटना घट्यो । घटना २०५३ सालको हो । मंसिर महिनाको जाडो याममा मेरो घरमा केही नचिनेका, मुख छोपेका मान्छेहरू आए । उनीहरूले आफूलाई 'माओवादी' भनेर चिनाएका थिए ।

उनीहरू बन्दुकलगायत हातहतियारसहित थिए । त्यसअघि मैले प्रत्यक्ष बन्दुक देखेको थिइनँ । हाम्रो परिवार केही बोल्न सक्ने अवस्थामा थिएन, त्रास र भयले । उनीहरू गएको केही दिनपछि प्रहरी २५-३० जनाको टोली आइपुग्यो । गाउँका धेरै घरहरू खानतलासी गरे । हाम्रो घर विशेष निगरानीमा पर्‍यो । सर्वसाधारणलाई माओवादी किन पालिस् ? किन खाना खुवाइस ? भनी लाठी, बुट, बन्दुकको कुन्दाले हिर्काए । जसको मुकदर्शक साक्षी भई उभिरहेँ । त्यो समय मेरो गाउँ अर्थात् काभ्रे जिल्लाको कानपुर गा.वि.स.-६ डाँडागाउँमा मान्छे मर्दा मलामी जानसमेत कोही ठूला मान्छे भएनन् ।

डर र त्रासले गाउँमा बस्नै छोडे । जसको कारण थियो सरकार र विद्रोही दुवैपक्षको चपेटामा परेका थिए जनता । म चार कक्षामा पढ्दै गर्दा संगठन निर्माण गर्न भनी आएका केही व्यक्तिहरू (माओवादी)लाई चिन्ने देख्ने मौका पाएँ । उनीहरूले न्याय र समानताको प्रशिक्षण दिन्थे । मलाई त्यो बेला उनीहरूको प्रशिक्षण राम्रै लाग्थ्यो । उनीहरू गएपछि प्रहरी आइरहाल्थे । प्रहरीले विनाकारण जो पायो उहीलाई माओवादीको आरोपमा कुटपिट गर्ने र मार्ने शृंखलाबद्ध कार्य देख्दा बाल मस्तिष्कमा प्रहरीको व्यवहारप्रति आक्रोश पैदा हुन्थ्यो । तर, न प्रहरीलाई रोक्न सकिन्थ्यो न माओवादीलाई । जसोतसो पढ्दै थिएँ । प्रत्येक पल डर त्रासमै बिताउनुपरेको थियो । छिमेकी स्कुल र मेरै स्कुलका अग्रज दाइ दिदीहरूलाई माओवादी संगठनमा आबद्ध भइसकेका थिए ।

प्रहरी प्रशासनबाट यिनीहरू सब माओवादी हुन्, माओवादीलाई सहयोग गर्छन् भनी यातना दिने र तारेखमा बोलाउने क्रम चलिरह्यो । मेरा समकक्षी धेरैले पढाइ छाडे । पढ्ने वातावरण थिएन । म भने जबरजस्ती पढिरहेकी थिएँ । २०५९ सालमा जब म कक्षा ९ मा भर्ना भएँ । त्यसपछि समयले मलाई सिकार बनाइछाड्यो । कक्षा ८, ९, १० मा पढ्ने किशोरकिशोरीहरू माओवादीले आफ्नो विद्यार्थी संगठनका लागि योग्य मान्दो रहेछ । जानी नजानी म पनि संगठनमा बसें, बस्नैपर्ने बाध्यतामा परें ।

त्यसको केही समयपछि छिमेकी विद्यालयकी कमला दोङ तामाङ दिदीलाई नेपाली सेनाले माओवादीको आरोपमा हेलिकप्टरमार्फत घरको आँगनबाटै उठाएर लग्यो । करिब एक-दुई महिना बेपत्ता पार्‍यो । त्यो घटनापछि झन् डर त्रासले सीमा नाघ्यो । एक दिन विद्यालयमा प्रहरी आएर हामीलाई छलफल गर्नु छ भनी चौकीमा लिएर गए । चौकीमा पुग्दा थाहा भयो कि प्रहरी प्रशासनको नजरमा म लगायत मेरा साथीहरू माओवादी भइसके । माओवादीको गतिविधिमा साथ दिएका आदि इत्यादि आरोप लगाइयो । तर म पढ्दै गरेको विद्यालयको प्रधानाध्यापकले जसोतसो छुटाएर ल्याउनुभयो । त्यसपछि पनि प्रहरी आउने र उसैगरी केरकार गर्ने क्रम चलिरह्यो । जसले गर्दा पढ्ने वातावरण नै बिथोलियो ।



प्रहरी प्रशासनबाट आजित भएपछि कक्षा ९ को पढाइ छाडेर जनयुद्धमा होमिएँ ।

सरकार-माओवादीबीच शान्तिवार्ता चलिरहेकै अवस्थामा म भूमिगत भएँ, २०५९ फागुनमा । घरकी कान्छी छोरी, मायाले पुलपुलिएकी म एकाएक घरबाट हराएर भूमिगत हुँदा आपा (बुबा) आमा असह्य पीडामा पर्नुभएको थियो । साँच्चै पीडादायी क्षण थियो त्यो आपाआमाका लागि । यता म भने सेना/प्रहरीको गोलीबाट बचेर न्याय र स्वतन्त्रताको लडाइँ जित्नु थियो ।

स्कुल पढ्ने १४ वर्षको कलिलो उमेरमा कलम कापी समात्नुपर्ने हातले बन्दुक, गोली, बमजस्ता युद्धसामग्री समात्नुपर्ने बाध्यतामा डुबेकी थिएँ । युद्धमैदानमा होमिएपछि त्यसबाट टाढा रहने अवस्था नै भएन । समय बित्दै गयो । म माओवादीका सिनियर कमरेडहरूसँग हातेमालो गर्दै जनताको घर आँगनमा वीरताको गीत गाउँदै हिँड्न थालेँ । त्यसरी यात्रा गरिरहँदा घर परिवार मेरो आफन्त भन्ने भावना बिर्सेर हामी, हाम्रो भन्ने भावनाको विकास गर्‍यौं । वर्गीय मायामा अन्तर्घुलित भयौं । साथमा पार्टीको सकारात्मक धारणा जनतालाई दिन्थ्यौं । उनीहरूले चासोका साथ सुन्थे ।

समय एकनासको रहेन । २०६० साउन ३२ गते रामेछापको दोरम्बामा २१ जना माओवादी नेता र कार्यकर्ता बैठक बसिरहेको बेला सेनाले घेरा हाली कब्जामा लिई वीभत्सरूपमा हत्या गरियो । जबकि त्यही समय दाङको हापुरेमा माओवादी नेता बाबुराम भट्टराईको नेतृत्वमा सरकार र माओवादीबीच वार्ता चलिरहेको थियो । दोरम्बा घटनापछि पार्टी युद्धविराम भंग गरेर फेरि युद्धमा होमियो ।

द्वन्द्वको चपेटामा बालबालिका, युवा, वृद्धवृद्धालगायत कोही अछूतो रहेनन् । कहिले जंगल, कहिले गाउँ, कहिले सहर, यसरी नै दिनचर्या बित्थ्यो । म संगठन निर्माण कार्यमा निरन्तर लागिरहें । २०६१ मा पार्टीलाई सैनिकीकरण र सेनालाई पार्टीकरण गरियो । यसको अर्थ सेनामा रहेका माओवादीलाई संगठनमा र संगठनमा रहेका माओवादीलाई सेनामा समायोजन गरी लैजाने नीतिअन्तर्गत २०६१ माघ १३ गते संगठनको जिम्मेवारीबाट मोर्चा लड्न जनमुक्ति सेनामा आबद्ध भएँ । थुप्रै लडाइँ मोर्चाहरूमा सहभागी भएँ । जसमध्ये काभ्रेको नार्केखोला फायरिङ एम्बुस, सिन्धुपाल्चोकको चेहेरी सडक एम्बुसमा सहभागी भएँ । जुनबेला मृत्युलाई नजिकबाट देखें, भोगें । आफूसँगैका साथीहरू घाइते भएर छटपटिरहेको दृश्य, सँगैको साथी गोली लागेर ढलेको क्षण साँच्चै दर्दनाक हुने गर्थ्यो । अहिले सम्झँदा पनि दर्दनाक लाग्छ, ती क्षण ।

असमानता र विभेदको अन्त्य गरी जनताको मुक्तिका लागि लडिएको लडाइँमा मुस्किल-मुस्किलले जोगियो । थुप्रै लडाइँमध्ये २०६२ माघ ८ गते मकवानपुरको झुर्झुरे, २०६२ माघ २४ गते काभ्रेको पनौती चौकी आक्रमण, २०६२ चैत ८ गते काभ्रे दाप्चाको दाह्रेगौंडामा भएको योजनाबद्ध भिडन्त, २०६२ चैत १४ गते सिन्धुपाल्चोकको ठोकर्पामा कार्यक्रमस्थलमा भएको हेलिकप्टर आक्रमण र स्थलगत भिडन्त सबैभन्दा मस्तिष्कमा अमिट छाप भएर रहेका मोर्चाहरू हुन् ।

२०६२/६३ को जनआन्दोलनकै क्रममा सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारामा माओवादी जनमुक्ति सेनाले २०६३ साल वैशाख १० गते आक्रमण गर्‍यो । तत्कालीन जनयुद्धको त्यो नै अन्तिम युद्ध अर्थात् सशस्त्र द्वन्द्वको लडाइँ थियो । जहाँ म आफू पनि सहभागी भई रातभरि लडें । मेरो आँखा अगाडि पालैपालो कमरेड क्षितिज, कमरेड जीवन्त, कमरेड अर्जुन र कमरेड शैलेसले दुश्मनबाट प्रहार गरेको गोली लागेर सहदात प्राप्त गरे । यसरी जीवन र मरणको दोसाँधमा रहेर जीवनलाई फुलाउन निकै मिहेनत र हिम्मत साथ अघि बढिरहें ।

जब सरकार र जनयुद्धको नेतृत्वकर्ताबीच विस्तृत शान्ति सम्झौता भयो त्यसपछि हामीजस्ता योद्धाहरूलाई निश्चित मापदण्ड बनाएर शिविरमा राख्ने निर्णय भयो । जसको अनुगमन संयुक्त राष्ट्रसंघलाई जिम्मा दिइयो । २०६३ मंसिर ५ गते शान्ति सम्झौतापछि चितवनको शक्तिखोर जंगलमा गएर अस्थायी शिविर बनाई बस्यौं । युद्ध सकिएको थिएन । हतियार बिसाएर मात्रै बसेको समय थियो । विस्तारै माओवादी सेनालाई सेना हो कि हैन भनी दर्ता र प्रमाणित गर्ने कार्य सुरु भयो । जसमा धेरै युद्ध लडेका योद्धाहरूलाई पनि नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)ले आफ्नो प्रमाणीकरणमा अयोग्य बनाइदियो । भाग्यबस भनौं या ममा भएको निडरताले हो, म अनमिन प्रमाणीकरणमा योग्य सेना ठहरिएँ ।

शिविरभित्रै विभिन्न पुस्तकालय, खेलमैदान भएको कारण आफूखुसी खेल्न र पढ्न पाइन्थ्यो। किशोर अवस्थाकी म भने पढ्न र लेख्नमा रुचि राख्थें । कक्षा ९ मा पढ्दापढ्दै छोडेर भूमिगत भएकी मलाई फेरि शिक्षाको महत्त्व र आवश्यकता महसुस हुन थाल्यो । फेरि पढ्ने चाहनाले मलाई पढाइतर्फ डोर्‍याइरहन्थ्यो । त्यो समय हातमा मोबाइल फोन बोक्न दिँदैनथ्यो । ल्यान्डलाइनको फोनबाट फोन गर्न पाइन्थ्यो । मैले पढ्न मन भएको कुरा मेरी दिदी जो काभ्रेको बनेपामा बस्नहुन्थ्यो उहाँलाई सुनाएँ । उहा'ले २०६५ सालको प्राइभेट एसएलसीमा फाराम भरिदिनुभयो । कक्षा ८ उत्तीर्ण भएकाले प्राइभेटबाट एसएलसी परीक्षामा सहभागी हुन पाइने व्यवस्था थियो । स्वअध्ययन गरेर २०६५ सालको एसएलसी परीक्षा काभ्रे जिल्लाबाट दिएँ । नतिजा राम्रो आयो । खुसीको सीमा रहेन ।

त्यो बेला शिविरमा औपचारिक शिक्षा लिन पाइने व्यवस्था थिएन । लुकेर गरेको काम थाहा पाएपछि मैले मेरो कमान्डिङ जिम्मेवारीबाट १५ दिन निलम्बित हुनुपर्‍यो तर पढाइप्रतिको दृढ इच्छाको कारण मलाई कसैले रोक्न सकेनन् । २०६७ मा सेनामा समायोजन भएर जागिर खान जाने कि तोकिएको रकम लिएर अवकाश लिने भन्ने विकल्प रोज्नुपर्‍यो । मैले सेनाबाट अवकाश लिएर पढ°ने निर्णय गरेँ । सेना समायोजनमा नगएबापत दिइएको पाँच लाख रूपैयाँ लिएर गाउँ फर्किएँ । मलाई रोकिएको मेरो पढाइप्रतिको मोहले चुपचाप रहन दिएन ।

मैले पुनः औपचारिक शिक्षामा आफूलाई जोडें । २०६७ मा काभ्रेको रोशी गाउँपालिकामा अवस्थित श्री रोशी माविमा कक्षा ११ मा भर्ना भएँ । दुई वर्षे उच्च मावि तहको शिक्षा पूरा गरें । त्यसलगत्तै काभ्रेमै रहेको मंगल जनविजय बहुमुखी क्याम्पस मंगलटारबाट तीन वर्षे स्नातक पूरा गरें ।

मान्छेको इच्छाशक्ति भयो भने जस्तोसुकै दुःख र अभावमा पनि आफ्नो लक्ष्यसम्म पुग्न सकिन्छ भन्ने महसुस गरेकी छु । त्यसैको परिणाम मान्छु मेरो यो सफलता । हाम्रो तामाङ बस्तीमा छोरीचेली पढ्ने र पढाउने चलन एकदम कम थियो । छोरीलाई अर्काको घर जाने जातले किन धेरै पढ्नुपर्‍यो भनी दुरुत्सान गरिन्थ्यो । म पढ्दा पनि पढ°र के गर्लिन् र यिनले भन्ने जस्ता अनेक अनेक कुराहरू सुन्नुपर्‍यो । यही सिलसिलामा तीन वर्षे स्नातकको पढाइ सकाएर, स्नातकोत्तर (मास्टर्स्) को शिक्षा लिन सानोठिमी क्याम्पस भक्तपुरमा भर्ना भएँ । जुनबेला हातमा केही सीप थिएन । सहरको बसाइँ एकदम अभावमा बित्यो । कैयौं रात भोकै सुतें । जीवन जिउन त अनेक बाटो भेटिन्छ भनेझैं मैले पनि सहकारीमा मासिक तीन हजार रूपैयाँ तलब पाउनेगरी काम पाएँ । यो २०७१ सालको कुरा हो । यतिले केही अभाव त टर्‍यो तर टिक्न गाह्रो भएको बेला समता शिक्षा निकेतन भक्तपुरमा पढाउन थालें । दुई समयको काम (४-१० र बा'की समय) ले सहरमा मुस्किलले टिकें । संघर्षकै बीच मास्टर्स् पनि उत्तीर्ण गरें । विभिन्न समयमा शिक्षकको मागसम्बन्धी विज्ञापन खुल्दा परीक्षा दिएँ । धेरै पटक असफल भएँ, तैपनि निराश नभई लगातारको मिहेनतले उत्तीर्ण गरें ।

२०६८ सालदेखि शिक्षण पेसामा आबद्ध छु । हाल काठमाडौं महानगरपालिका-६ स्थित महेन्द्र बौद्ध माविमा स्थानीय विषय तामाङ भाषा पढाउँछु । जीवनमा आएका अनेक अनेक चुनौतीलाई हार नखाई बढ°को कारण आज आफैं समयको सिकार बनेपछिको अवस्थालाई नियाल्दा गर्न चाहेको खण्डमा हामीले सफलता हासिल गर्न सक्ने रहेछौं भन्ने लाग्छ । महान् यात्रामा सहभागी भई बाँचेको यो नाफाको जिन्दगी सदा असल कर्ममा लाग्न पाइयोस् भन्ने लाग्छ । जीवनमा उतारचढाव आउँछन् । कतै पनि हरेस नखाई निरन्तर अघि बढेमा उतारचढ°ावसँगै सफलताले पनि पछ्याइरहन्छ ।

❛ असमानता र विभेदको अन्त्य गरी जनताको मुक्तिका लागि लडिएको लडाइँमा मुस्किल-मुस्किलले जोगियो । थुप्रै लडाइँमध्ये २०६२ माघ ८ गते मकवानपुरको झुर्झुरे, २०६२ माघ २४ गते काभ्रेको पनौती चौकी आक्रमण, २०६२ चैत ८ गते काभ्रे दाप्चाको दाह्रेगौंडामा भएको योजनाबद्ध भिडन्त, २०६२ चैत १४ गते सिन्धुपाल्चोकको ठोकर्पामा कार्यक्रमस्थलमा भएको हेलिकप्टर आक्रमण र स्थलगत भिडन्त सबैभन्दा मस्तिष्कमा अमिट छाप भएर रहेका मोर्चाहरु हुन् ।

जीवनमा आएका अनेक अनेक चुनौतीलाई हार नखाई बढेको कारण आज आफैं समयको सिकार बनेपछिको अवस्थालाई नियाल्दा गर्न चाहेको खण्डमा हामीले सफलता हासिल गर्न सक्ने रहेछौं भन्ने लाग्छ । महान् यात्रामा सहभागी भई बाँचेको यो नाफाको जिन्दगी सदा असल कर्ममा लाग्न पाइयोस् भन्ने लाग्छ । जीवनमा उतारचढाव आउँछन् । कतै पनि हरेस नखाई निरन्तर अघि बढेमा उतारचढावसँगै सफलताले पनि पछ्याइरहन्छ ।

# बुद्धकालीन सहरको संरचना भेटिएको दाबी

**नवलपरासी (प्रस)–** पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१८ मा रहेको बुद्धकालीन ऐतिहासिक तथा पुरातात्त्विकस्थल पण्डितपुरमा गरिएको उत्खननका क्रममा बुद्धकालीन सहरको संरचना भेटिएको दाबी गरिएको छ । पुरातत्त्व विभाग र त्रिभुवन विश्वविद्यालयको अध्ययन टोलीले चार स्थानमा गरेको उत्खननका क्रममा पर्खालको संरचनासहित विभिन्न प्रकारका प्राचीन भाँडाकुँडा, जनावरका मूर्ति, गरगहनालगायत पुरातात्त्विक सामग्री फेलापरेको पुरातत्त्वविद् भाष्कर ज्ञवालीले जानकारी दिए ।

यसअघि गरिएका अध्ययनलाई पुष्टि गर्नेगरी बुद्धकालीन सहरको संरचनासहित विभिन्न सामग्री पनि भेटिएका छन् । कोलीय गणराज्यको महत्त्वपूर्ण सहर मानिएको पण्डितपुरमा पुरातत्त्व विभागले गरेको उत्खननले महत्त्वपूर्ण प्रमाणसहितका संरचना भेटिएका हुन् । यसअघि भएको जियोफिजिक्स सर्भे (भूभौतिक अध्ययन)का क्रममा देखिएको बुद्धकालीन सहरको संरचना उत्खननका क्रममा फेला परेको छ । ती सामग्रीको थप अध्ययन गरेर धेरै कुरा थाहा हुने उनको भनाइ छ । पण्डितपुरमा उत्खनन टोलीले एक ठाउँमा तीन मिटर गहिरो खाडल खनेर सो क्षेत्रको प्राचीन सांस्कृतिक अवस्थाका विषयमा पनि अध्ययन गरेको छ । बौद्धकालदेखि मुस्लिम बसोबास अवधिसम्मको विविधता पण्डितपुरमा भेटिएको ज्ञवालीले बताए ।

यसअघि बेलायतमा गरिएको अध्ययनका क्रममा पण्डितपुरमा भेटिएका संरचना इशापूर्व छैटौं शताब्दीका भएको पुष्टि भइसकेको छ । विश्वसम्पदा सूचीमा सूचीकरणको तयारीमा रहेको कपिलवस्तुको तिलौराकोटसँग मिल्दोजुल्दो मितिका संरचना पण्डितपुरमा भेटिएको पुरातत्त्व विभागले जनाएको छ । उक्त स्थलको संरक्षणका लागि स्थानीय तह र प्रदेश सरकारले बजेट विनियोजन गरेको रामग्राम नगरपालिकाका प्रमुख धनपत यादवले बताए । पुरातात्त्विक क्षेत्र भएकाले सो क्षेत्रको संरक्षण गर्न तारबार गर्ने योजना बनाएको उनले बताए ।

पण्डितपुरमा गरिएको उत्खननका क्रममा जमिनको सतहबाट १० सेन्टिमिटर पुरातात्त्विक संरचना फेलापरेका छन् । सामान्य खनजोतका क्रममा पनि पुरातात्त्विक सामग्री भेटिने पण्डितपुर संवेदनशील पुरातात्त्विक क्षेत्रका रूपमा रहेको छ । केही सार्वजनिक र धेरै निजी स्वामित्वका जग्गा रहेको पण्डितपुरलाई संरक्षण गर्न भौतिक संरचना निर्माण तत्काल रोक्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन् । झण्डै ६२ बिघा क्षेत्रफलमा फैलिएको पण्डितपुर कोलीय गणराज्यको राजधानीको रूपमा दाबी गरिँदै आइएको छ ।

# वन्यजन्तुको उद्धार, उपचार तथा पुनःस्थापना केन्द्र स्थापना

**उदयपुर (प्रस)–** कटारी नगरपालिका-५ स्थित सिसाघारी सिमसार तथा पर्यापर्यटन क्षेत्रमा वन्यजन्तु उद्धार, उपचार तथा पुनःस्थापना केन्द्र स्थापना गरिएको छ । डिभिजन वन कार्यालय त्रिवेणीको स्वीकृतिमा केन्द्र स्थापना गरिएको हो ।

पर्यटन क्षेत्र व्यवस्थापन समितिका संयोजक दिलबहादुर अधिकारीका अनुसार केन्द्रमा सोलुखुम्बु, ओखलढुंगा, खोटाङ, उदयपुरमा फेलापरेका घाइते वन्यजन्तुको उद्धार गरिएको छ । 'अहिले पनि केन्द्रमा दुईवटा नीलगाई, चार मृगको उपचार गरेर राखिएको छ,' उनले भने, 'कटारी-१४ बाट ल्याइएको सालक, गाईघाटबाट ल्याएको दुईवटा निलगाईलाई बचाउन सकेनौं ।'



कटारी डिभिजन वन कार्यालयका प्रमुख डिभिजन वन अधिकृत अनिरुद्ध साहले मदन भण्डारी राजमार्ग र आसपास जिल्लामा फेलापरेका घाइते वन्यजन्तुको उद्धारका लागि केन्द्र स्थापना गरिएको हो । 'घाइते र टुहुरा वन्यजन्तुको उद्धार गरी वनमै छाड्ने वा अन्यत्र राष्ट्रिय निकुञ्जमा पुऱ्याउने उद्देश्य हो,' अधिकृत साहले भने । यस क्षेत्रका सोलुखुम्बु, ओखलढुंगा, उदयपुर, खोटाङ आसपासका जिल्लामा केन्द्र नरहेकाले यही केन्द्र प्रयोगमा ल्याइएको उनले बताए ।

यस केन्द्रलाई क्षमता विकास गर्नुपर्ने आवश्यकता रहेको प्रमुख साहको भनाइ छ । 'यसको विकासका लागि एक जनालाई जावलाखेलको चिडियाखानामा तालिम दिएर दक्ष उपचारकर्ता राख्नुपर्ने आवश्यकता छ,' उनले भने, 'अहिले भेटेनरीका डाक्टरबाट उपचार गराउने गरिएको छ, त्यसले मात्रै पनि पशुपक्षी बचाउन सकिएको छैन ।'

पर्यटकीय क्षेत्र रहेको सिमसार क्षेत्रमा वन्यजन्तु राखिएकाले यसले पर्यटकलाई समेत आकर्षित गर्ने गरेको वडाध्यक्ष मोहन तामाङले बताए । वन कार्यालयको सहयोगमा केन्द्र स्थापना गरेपछि यसले पर्यटनको विकासमा पनि साथ पुगेको वडाध्यक्ष तामाङको भनाइ छ । सिसाघारी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा स्थापित सिमसार यस क्षेत्रकै पर्यटकीयस्थल पनि हो ।

# 'अबको शिक्षा सीप र रोजगारीसँग जोडिनुपर्छ'

**मकवानपुर (प्रस)–** बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले अबको शिक्षा सीप र रोजगारीसँग जोडिनुपर्नेमा जोड दिएका छन् । शुक्रबार हेटौंडास्थित मकवानपुर बहुमुखी क्याम्पसद्वारा सञ्चालित विजनेस इन्क्युवेसन सेन्टर उद्घाटन गर्दै उनले प्रविधिमैत्री र अध्ययनअनुसारको सीप पनि जरुरी रहेको उल्लेख गरे ।

'जे पढेका छौं, जे सीप छ सोही सीपअनुसारको रोजगारी गर्नुपर्छ, अध्ययन र सीप एकातिर काम अर्कोतिर गर्नाले युवा विदेशिनु परिरहेको छ,' उनले भने । औद्योगिक क्षेत्रसमेत रहेको मकवानपुरमा उद्योगसँगको सहकार्यमा विषयवस्तु अध्यापन गराउनुपर्नेमा जोड दिँदै उनले पढाइका क्रममा शिक्षक र विद्यार्थी दुवै सकारात्मक रहनुपर्ने बताए ।

कक्षा १२ सम्मको अध्ययनपछि युवा विदेश जानेको लर्को लागेकाले पढाइसँगै सीप सिकेर पढ्दै काम गर्दै गर्दा युवा शक्तिलाई विदेसिनबाट रोक्न सकिने उनको भनाइ थियो । कार्यक्रममा प्रदेश सरकारका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले पनि विद्यार्थीलाई व्यवसाय, रोजगारी र सीपसँग जाडिनुपर्ने बताए । क्याम्पस पढ्ने विद्यार्थी संख्या बढ्दो रहेको अवस्थामा जति छन् ती विद्यार्थीलाई पढ्दै काम गर्दै अभियानमा सहभागी गराएर अबको उच्च शिक्षा अनुसन्धानमूलक कार्यमा लैजानुपर्ने बताए ।

क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले विजनेस इन्क्युवेसन सेन्टर, इनोभेसन तथा स्किल ल्याबका विषयमा जानकारी गराएका थिए । उनले आवश्यकताका आधारमा अध्ययनसँगै रोजगारी र सीपलाई प्राथमिकतामा राख्दै सेन्टर सञ्चालन गरिएको उनको भनाइ थियो ।

## चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: कार्यालयमा २०८१/०९/१२, पत्रिकामा- २०८१/०९/१३

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा विभिन्न मितिमा प्रकाशित विद्युतीय बोलपत्र आह्वानको सूचना अनुसार निम्न ठेक्का न. को लागि रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्य मुल्यांकन समितिको सिफारिसको आधारमा निम्न बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम उक्त बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपसिल:

| सि. नं. | कामको विवरण | ठेक्का नं. | स्वीकृतीको लागि छनोट गरिएको बोलपत्रदाताको नाम र ठेगाना | जम्मा कवोल अंक रु. (मु.अ.कर समेत) | कै. |
|---|---|---|---|---|---|
| १ | Construction of ward no.1 Office Building | 06/CGM/NCB/081/082 | रूद्रलक्ष्मी कन्स्ट्रक्सन, चौ.न.पा. १, उदयपुर | १७,५९,३३६.०८ (अक्षरुपी सत्र लाख, उन्साठी हजार, तिन सय र छतीस रुपयाँ र आठ पैसा) | |
| २ | Kamalrai House to saatdhare bich tole road to thanpokhari to pashim tole jyamire road upgrade, ward no. 6&9 | 07/CGM/NCB/081/082 | सामातांगे निर्माण सेवा, चौ.न.पा. ७, उदयपुर | ५९,५५,६०९.२७ (अक्षरुपी उन्साठी लाख, पच्पन्न हजार, छ सय र नौ रुपयाँ र सत्ताईस पैसा) | |

चौदण्डीगढी नगरपालिका कार्यालय


**युएइ/साउदीमा रोजगार** कम्पनी : Boosse For Carpentry & Flooring Contracting Co. L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316028 | चलानी नं. ६०२३०३५१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioning Mechanic Assistant | 2 | 0 | 1200 | ४०,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Masons | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 4 | Carpenter Assistant | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 5 | Electric Technician | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 6 | Gypsum/ceiling Workers | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 7 | Labourer/gardener | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 8 | Painter | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 9 | Plumber | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 10 | Stone Mason | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |
| 11 | Tile Layer | 2 | 0 | 1200 | ४०,५०० | | | | | | | |

कम्पनी : Shan Arab Contracting Company One Person

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 311561 | चलानी नं. ६०२२६१२१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loader & Unloader | 21 | 0 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD. श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

**युएइमा रोजगार** कम्पनी : Ayadi Human Capital Solutions L.L.C. - Sole Proprietorship L.L.C..

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316013 | चलानी नं. ६०२३०२९८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 40 | 0 | 900 | ३३,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MBK OVERSEAS PVT. LTD. श्रम इजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Web: www.mbkoverseas.com.np, Email: mbkoverseas@gmail.com, info@mbkoverseas.com.np,
Contact: (For Kathmandu) 9818184532, 9801064154, 9808658844,9828816646, Contact: (For Jhapa) 023590343,9842716845,9815933303

**साउदी/कुवेतमा रोजगार** कम्पनी : PERFECT HYGIENE TRADING EST. सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316132 | चलानी नं. ६०२३०३८७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 3 | 0 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

कम्पनी : Raaeen General Trading and Contracting Company सेवा शुल्क: निःशुल्क

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316127 | चलानी नं. ६०२३०४०७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massage/Beauty Therapist | 0 | 24 | 160 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २३ गते (7th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** कम्पनी : ABDUL LATEEF FAHAD ABDUL RAHMAN AL-SUFAYAN EST FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 315578 | चलानी नं. ६०२२९७१९

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker/Confectioner | 1 | 0 | 1000 | ३६,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food and Beverage Counter Worker | 1 | 0 | 1000 | ३६,२१६ | | | | | | | |

कम्पनी : KHALED ALI AL AMRKEEB TRADING EST

पूर्व स्वीकृति मिति : २०८०/१२/१४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 310336 | चलानी नं. ६०२२९७२०

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 4 | 0 | 1200 | ४३,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SELS AL MADINAH FURNISHED APARTMENTS

पूर्व स्वीकृति मिति : २०८१/०३/१२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/०३ | LT. No. 306794 | चलानी नं. ६०२२९७२१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee. | 1 | 0 | 1200 | ४३,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office and Facility Cleaning Worker | 1 | 0 | 1000 | ३६,२१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Honesty Overseas Pvt.Ltd. License No. : 1000/068/69
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

**युएइमा रोजगार** कम्पनी : S N G EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | LT. No. 316021 | चलानी नं. ६०२३०३४०

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 10 | 0 | 800 | २९,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 10 | 0 | 1300 | ४८,१२० | | | | | | | |
| 3 | Mason (Nepal) | 21 | 0 | 1300 | ४८,१२० | | | | | | | |
| 4 | Plumber | 10 | 0 | 1300 | ४८,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EMPOWER HUMAN RESOURCES MANAGEMENT PVT. LTD
Govt. License No. 1150/073/074
Sinamangal – 09 Kathmandu Nepal, Tel: +977-01-4560541/42
E-mail : info@empowerhrnepal.com.np, empowerhr1150@gmail.com, Website : www.empowerhrnepal.com.np

**कुवेतमा रोजगार** कम्पनी : ZEESTYLE LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८०/१२/१४ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 302613 | चलानी नं. ६०२२६१६५

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 2 | 100 | ४४,११६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | HAIRDRESSER | 0 | 2 | 150 | ६६,१७४ | | | | | | | |
| 3 | Manicure & Pedicure | 0 | 4 | 150 | ६६,१७४ | | | | | | | |
| 4 | MASSAGIST | 0 | 2 | 150 | ६६,१७४ | | | | | | | |

कम्पनी : OLIVIA LAND FOR PASTERY AND BAKERY CO

पूर्व स्वीकृति मिति : २०८१/०६/०९ | पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 311244 | चलानी नं. ६०२२५८२१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drivers | 1 | 0 | 150 | ६६,१७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Helper | 2 | 0 | 150 | ६६,१७४ | | | | | | | |

कम्पनी : Silver spoon Restaurant Co

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316079 | चलानी नं. ६०२३०३५८

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waitress | 0 | 5 | 120 | ५२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL PVT. LTD
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897, 5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**युएइमा रोजगार** कम्पनी : GK TECHNICAL SERVICES EST

पूर्व स्वीकृति मिति : २०८१/०९/१३ | LT. No. 316063 | चलानी नं.६०२३०३५३

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 4 | 0 | 1200 | ४४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SABAH AL MAHAL TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१३ | LT. No. 316065 | चलानी नं.६०२३०३५२

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder/Scaffolder Labour | 9 | 0 | 1200 | ४४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Fine Job Recruitment Pvt. Ltd.
Government License No. 1180/073/74
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np

**युएइ/साउदीमा रोजगार** कम्पनी : Home City Furniture L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316114 | चलानी नं.६०२३०३९५

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Wood Painter | 1 | 0 | 1200 | ४४,४२० | | | | | | | |

कम्पनी : Hotel Zahra Desert Hotel

पूर्व स्वीकृति मिति : २०८१/०९/१२ | LT. No. 316178 | चलानी नं.६०२३०३९४

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour For Hotel Housekeeping | 1 | 0 | 1000 | ३६,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २० गते (4th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Muskan Overseas Pvt. Ltd.
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-44959029
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

प्रभाव दैनिक




## भुवनले ल्याए ‘कुन देवको सृष्टि हौ’

गीतकार तथा मोडल भुवन लोहनीले आफ्नो नयाँ गीत कुन देवको सृष्टी हौ... को भिडियो सार्वजनिक भएको छ। क्रिशमस २०२४ को अवसर पारेर बुधबार यो गीतको भिडियो सार्वजनिक गरिएको गीतकार भुवनले बताएका छन्। गीतको भिडियोलाई कृपा फाउन्डेसनको अफिसियल च्यानलबाट सार्वजनिक गरिएको छ। यो गीतमा गायक सविन सुवेदी र गायिका समीक्षा अधिकारीको स्वर रहेको छ। कुन देवको सृष्टी हौ...लाई भुवन लोहनीले नै लेखेका हुन्। गीतमा संगीतकार बसन्त सापकोटाले संगीत सृजना गरेका छन्।



शनिबार, १३ पुस २०८१ (Saturday, December 28, 2024)

# लिम्बू भाषामा चलचित्र ‘सेक्मुरी’ बन्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र ‘सेक्मुरी’ निर्माण हुने भएको छ। लिम्बू भाषामा निर्माण हुने चलचित्र ‘सेक्मुरी’को ललितपुरको हात्तीवनस्थित माङहिममा शुभमुर्हत गर्दै निर्माण घोषणा गरिएको हो।

लिम्बुनी फिल्म्सको ब्यानरमा निर्माण हुने यस चलचित्रमा लेखन तथा निर्देशन सुर्यप्रकाश चेम्जोङको रहेको छ। यस चलचित्रका लागि कलाकारहरूले १५ दिनको वर्कशप गरेका छन्। वर्कशपमा सहभागी कलाकारलाई शुभमुर्हत कार्यक्रममै प्रमाणपत्र दिइएको थियो। शुभमुर्हत कार्यक्रममा आदिवासी जनजाति चलचित्र महासंघ प्रदेश १ का अध्यक्ष योतिराज राई, नेपाल आदिवासी जनजाति चलचित्र महासंघका निवर्तमान संघीय अध्यक्ष अमृत सुनुवार, किरात याक्थुङ चुम्लुङका संघीय सचिव यासेली योङहाङ लगायतका कलाकारको उपस्थिति रहेको थियो।

यही पुस २३ गतेबाट चलचित्रको छायाँकन सुरु हुने निर्देशक चेम्जोङले जानकारी दिए। उनका अनुसार ‘सेक्मुरी’को छायाँकन पाँचथर, इलाम, काठमाडौं र हङकङमा हुनेछ। रविनकुमार नाल्बो, चन्द्रकला नेम्बाङ, पूर्ण सेलिङ, घनेन्द्रराज फियाक, माया तामाङ र सुनाहाङ जबेगु निर्माण रहने ‘सेक्मुरी’को लागत ७५ लाख रहने निर्माणपक्षले जनाएको छ।

‘मरेको मान्छेले सम्मान पाउनुपर्छ र प्रेमले जीवित या मृत आत्म उत्तिकै सम्बन्ध राख्छ’ भन्ने चलचित्र ‘सेक्मुरी’को मुख्य अवधारणा रहेको छ। यस चलचित्रमा प्रेम सुब्बा, सागर केरुङ, बबिता फोम्बो, नरेश वनेम, पबी तेम्बे, पूर्ण सेलिङ, याम नेयोङ, इन्दु तुम्सा, डिआर हाङसरुम्बा, अल्का चोङबाङ, जानुका लिम्बु लगायतको अभिनय रहने भएको छ।

युवराज राईको छायांकन, यासेली योङहाङको गीत, अशोक मुकारुङको संगीत, साहिल खानको सम्पादन, दिनेश माङमु र महेश्वर सम्बाहाम्फेको सह-निर्देशन रहने ‘सेक्मुरी’को प्राविधिक निर्देशकका रूपमा रवी शेर्मा रहने भएका छन्। यस चलचित्रलाई आगामी २०८२ मा प्रदर्शनमा ल्याइने निर्देशक चेम्जोङले बताए।

# ‘रंगी’को दोस्रो पोस्टर सार्वजनिक

■ भेषराज कार्की

**काठमाडौं –** सान्भी इन्टरटेनमेन्ट प्रालिको ब्यानरमा निर्माण भएको फिल्म ‘रंगी’ को दोस्रो पोस्टर सार्वजनिक भएको छ। अभिनेता सलोन बस्नेत प्रस्तुतकर्ता रहेको फिल्म आगामी फागुन २ गतेदेखि प्रदर्शन हुँदैछ। फिल्म निर्माण टिमले शुक्रबार नयाँ पोस्टर सार्वजनिक गरेको हो।

पोस्टरमा कलाकार सलोन बस्नेत, नम्रता श्रेष्ठ र बाल कलाकार आयुषी ढकाललाई स्थान दिइएको छ। पोस्टरमा साइकलमा रहेका सलोनले फुडमाण्डुको ब्यागमा आयुषीलाई बोकेका छन्। सलोन र आयुषी खुशी मुद्रामा छन्। सलोनको अगाडि नायिका नम्रता लजालु भावमा उभिएकी छन्। पात्रको पृष्ठभूमिमा वसन्तपुर दरबार स्क्वायरको गल्ली देख्न सकिन्छ।

सुरेश न्यौपानेको ‘डेब्यू’ निर्देशन रहेको फिल्ममा सलोन बस्नेत, नम्रता श्रेष्ठ, दिलीप रायमाझी, आयुषी ढकाल, उत्तम केसी, सुमिन गुरुङ, र विशाल पहारीको अभिनय छ। ‘मिस वर्ल्ड नेपाल २०२० ’ विजेता नम्रता श्रेष्ठको यो डेब्यू फिल्म हो। प्रस्तुतकर्ता सलोनका अनुसार फिल्मले बाबुछोरीको कथा देखाउनेछ।




फिल्म ‘रंगी’ सलोनको डेब्यू निर्माण हो। फिल्म ‘नेपाली बाबु’बाट बाल कलाकारका रूपमा पाइला चालेका सलोनले फिल्म ‘होस्टल’ देखि ‘हिरो’का रूपमा अभिनय गरेका हुन्। निर्देशन न्यौपानेले भने ‘छक्का पन्जा’, ‘ए मेरो हजुर २’, ‘यात्रा’, ‘म यस्तो गीत गाउँछु २’, ‘कृ’लगायतका फिल्ममा मुख्य सहायक निर्देशनको रूपमा काम गरिसकेका छन्।

सक्षम सुवेदी र करिश्मा केसी बस्नेतको निर्माण रहेको फिल्ममा सुमन गजमेरको लेखन, सौरभ लामाको छायांकन, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको संगीत, आनन्द कार्की, आमेश भण्डारी, भीम बिसी, समीक्षा अधिकारी र सुजता केसीको स्वर, दुर्गेश थापा, आमेश भण्डारी र भीम बिसीको शब्द, प्रिज्मा श्रेष्ठको मेकअप, रोमन बज्राचार्य, उदय पौडेल र विमल छिनलको सङ प्रोग्रामिङ, आइक्याच स्टुडियोको पब्लिसिटी डिजाइन, बन्दे प्रसादको सम्पादन, राजेन्द्र मोक्तानको कलर, कविराज गहतराज र शिशिर खातीको कोरियोग्राफी तथा केवलमान सिंह बस्नेतको प्रोडक्सन छ। फिल्मलाई एप्पल इन्टरटेनमेन्ट, एफडी र रिच इन्टरटेनमेन्टले वितरण गर्दैछ। *रासस*

# चलचित्रको सफलतामा गीतसंगीतको भूमिका

**काठमाडौं (प्रस)–** नेपाली चलचित्र सफल हुनुको महत्वपूर्ण कारण गीतसंगीत पनि मानिन्छ। राम्रो गीतले दर्शकलाई चलचित्र भवनसम्म ल्याउँछ भन्नेहरू पनि छन्। त्यति मात्रै होइन, चलचित्रको प्रचारप्रसारकै लागि पनि गीत प्रभावकारी मानिन्छन्।

पछिल्लो समय भिडियो शेयरिङ साइट टिकटक र फेसबुकको रिल्स गीत दर्शकसम्म पुऱ्याउने र चलचित्रको प्रचारप्रसारका लागि गतिलो माध्यम बनेका छन्।

‘प्रेम गीत’, ‘नाई नभन्नु ल’, ‘म यस्तो गीत गाउँछु’ लगायत चलचित्रलाई सफल बनाउन गीतसंगीतको भूमिका महत्वपूर्ण मानिन्छ। यस वर्ष मात्र सफल भएका चलचित्रहरू ‘बोक्सीको घर’ मा समावेश ‘बुझिनँ मैले’, ‘पूर्णबहादुरको सारंगी’ मा समावेश ‘काधे खुकुरी’ गीतलाई प्रचारप्रसारको सशक्त माध्यम मानियो। यद्यपि केही समययता गीतसंगीतमा उल्लेख्य लगानी भएको पाइँदैन।

गीतसंगीतमा गरिने लगानी अझै बढ्नुपर्ने संगीतकार अर्जुन पोखरेलको बुझाइ छ। उनी भन्छन्, ‘चलचित्रमा हुने गीतसंगीत जति सुन्दर भयो त्यति नै चर्चा हुन्छ। किनकि यो सुन्नेसँगै हेर्न पनि आकर्षक हुनुपर्छ। गीत अनुसारको दृश्य हुनु जरुरी छ।’

निर्देशक पुर्नेन्दु झाले चलचित्रको पहिलो प्रचार नै गीतमार्फत हुने बताए। उनले नेपालसँगै भारतीय चलचित्रलाई प्रचार गरिदिने बलियो माध्यम गीतसंगीत रहेकामा जोड दिए। ‘चलचित्रको प्रचारप्रसार सुरु नै गीतमार्फत गर्ने प्रचलन छ। किनकि यसले पहिलो प्रभाव पार्छ। त्यसपछि अन्य ट्रेलरलगायत सामग्री सार्वजनिक गर्ने गरेका छौं’, निर्देशक झाले भने।

उनले आफू निर्देशित पहिलो चलचित्र ‘संरक्षण’को गीतका लागि होलीको माहोल सिर्जना गरेका थिए। उक्त गीतले नै दर्शकसम्म चलचित्रबारे पहिलो जानकारी पुऱ्याउन सफल भएको उनको विश्वास छ।



# खेलको विकासमा मधेस प्रदेशले सहयोग गर्छ : मुख्यमन्त्री सिंह




■ प्रभाव संवाददाता

**जनकपुर–** मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले जनकपुर बोल्टस्का विजयी खेलाडीलाई शुक्रबार बधाई दिँदै खेल र खेलाडीहरूको विकास तथा प्रगतिका लागि सरकार सहयोग रहने बताएका छन्।

प्रथम नेपाल प्रिमियम लिग (एनपीएल) मा विजयी जनकपुर बोल्ट्सका खेलाडीको सम्मानमा शुक्रबार जनकपुरधाममा निकालिएको शोभा यात्राका क्रममा मुख्यमन्त्री सिंहले खेल क्षेत्रको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका हुन्।

क्रिकेट खेलप्रति आकर्षण बढाउन तथा खेलको दिगो विकासका लागि वातावरण तयार गर्न ट्रफीसहितको खेलाडीलाई सवारी साधनमा पुष्पमाला, अबिर तथा रातो टीका लगाएर सम्मानका साथ जनकपुरधामको नगर परिक्रमा गराइएको छ।

जनकपुरधामको रामजानकी अन्तर्राष्ट्रिय रंगशालाबाट सुरू भएको शोभा यात्रा जीरो माइल, चानु चोक, पिडारी चोक, रामानन्द चोक हुँदै जानकी मंन्दिरमा पुजाआजा गरी समापन भएको थियो।

जिल्ला क्रिकेट संघ धनुषाद्वारा आयोजित सो शोभायात्रामा विभिन्न क्षेत्रका सामाजिक, व्यापारिक, धर्मिक तथा खेलसँग सम्बन्धित खेलाडी र आमजनताको सहभागिता थियो।

एनपिएलको फाइनलमा सुदूरपश्चिमलाई जनकपुर बोल्ट्सले पाँच विकेटले पराजित गरेको थियो। जनकपुर बोल्ट्सका खेलाडीसहितको ट्रफीलाई मधेस प्रदेशको विभिन्न जिल्लामा शोभायात्रा गराइनेछ।

पुस १३ गते शनिबार जलेश्वर, सर्लाही तथा रौतटह जिल्लामा घुमाइने भएको छ। यसैगरी पुस १४ गते आइतबार बारा तथा पर्सा जिल्ला र १५ गते सोमबार सिरहा तथा सप्तरी जिल्लामा ट्रफीसहित घुमाइने भएको जनकपुर बोल्ट्स टिमले जानकारी दिएको छ।

जनकपुर बोल्ट्सले प्रथम एनपिएल ट्रफी हात परेपछि मधेस प्रदेशका जिल्लाहरूमा खुसीको विशेष लहर देखिएकाले ट्रफीसहित खेलाडीलाई सम्मान गरिएको जिल्ला क्रिकेट संघ धनुषाका अध्यक्ष शोभाकान्त पाण्डेले बताए।

## जुनियर इन्टरनेसनल ब्याडमिन्टन

# नेपालको प्रदर्शन निराशाजनक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल जुनियर इन्टरनेसनल सिरिज २०२४ मा पनि नेपाली खेलाडीहरूले उत्साहजनक प्रदर्शन गर्न सकेनन्। नेपाल ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताको पहिलो दिन मिक्स युगलको राउन्ड अफ ३२ मा नेपालका कबीर महर्जन र रिहान शेरचन भारतका खेलाडी योगांश सिंह र बर्त प्रभु आनन्दसँग पराजित भए। सिंह र आनन्को जोडीले २१-१४, २१-१५ को जित हात पारेका थिए।

यस्तै पुरुष एकलतर्फ पनि नेपाली खेलाडीहरूको प्रदर्शन बिर्सनलायक भयो। एकल तर्फ नेपाली खेलाडी सक्षम ढकाल भारतका खेलाडी ध्यान सन्तोषसँग २१-८, २१-८ को समान अन्तरमा पराजित भए। यसै गरी सुबिन श्रेष्ठ (बी) भारतका अंश नेगीसँग २१-१०, २१-१२, सुप्रिम पन्त भारतकै साइ रिसवन्त लाडेसँग २१-१६, २१-१७, कबीर के.सी. भारतका दिपांशुसँग २१-१६, २१-१५ ले पराजित भए।




त्रिपुरेश्वरस्थित कभर्डहलमा भएको प्रतियोगिताको महिला एकल राउन्ड अफ ३२ मा रक्षा फगामीले पहिलो सेट जितेर केही खुसी बाँड्न खोजेकी थिइन् तर दोस्रो र तेस्रो सेटमा सम्हालिन नसक्दा पराजयको सामना गर्न पुगिन्। रक्षा बंगलादेशकी जरिना इकवाल मोहनासँग १८-२१, २१-१२, २१-७ ले पराजित भइन्। यस्तै, स्वर्लिन श्रेष्ठ भारतकी हसिनी बर्मा कोन्दुरुसँग २१-१२, २१-७, रिहाना शेरचन भारतकी दिया भिमैयासँग २१-८, २१-९, श्रीया बज्राचार्य भारतकी बरुनी पर्सवालसँग २१-६, २१-१३ पराजित भए।

राउन्ड अफ १६ मा रहेकी दिलाशा राना थाइल्यान्डकी पिमचानोक सुत्तीविरियाकुलसँग २१-१२, २१-६, निभा राई भारतकी इशिता नेगी सँग २१-६, २१-८, टिशा रानी शाक्य थाइल्यान्डकी पिराया वेचावाङ्गसँग २१-९, २१-४ ले पराजित भए।

पुरुष युगलतर्फ अरुण अधिकारी र सौर्य महर्जनको जोडी भारतका भाब्य चाबरा र परम चौधरीको जोडीसँग २१-११, २१-१० र कबीर केसी र सुविन श्रेष्ठ (बी) को जोडी भारतकै सी.लालरामसँग र सौरभ साउसँग २१-१०, २१-१९ ले पराजित हुन पुगे।

महिला युगल तर्फ दिलाशा राना र रिहाना शेरचनको जोडी भारतका अक्षिता मनरल र बर्णप्रभु आनन्दसँग २१-१०, २१-१० को समान अन्तरमा पराजित हुन पुगे। यसै गरी रक्षा फगामी र आस्ना श्रेष्ठको जोडी पनि भारतका खेलाडीसँग पराजित भए। भारतका इशिता नेगी र भान्सिका ठाकुरको जोडीसँग २१-६, २१-५ तथा श्रीया बज्राचार्य र निभा राईको जोडी थाइल्यान्डका सुनिशा लेकजुरा तथा अनन्या नापालाई सँग २१-११, २१-५ ले पराजित भए।

तीन दिने सिरिजमा नेपालसहित भारत, न्युजिल्यान्ड, मलेसिया, थाइल्यान्ड, इरान, युनाइटेड अरब इमिरेट्सका खेलाडीहरूको सहभागिता छन्। सिरिजमा पुरुष/महिला एकल तथा युगल र मिक्स युगल गरी ५ विधामा ९९ खेलाडीहरूले प्रतिस्पर्धा गरिरहेका छन्। जसमा नेपाली ८ महिला र ८ पुरुष खेलाडीको सहभागिता रहेको छ। पुरुष एकलमा ३२ जना, महिला एकलमा २१ जना, मिक्स युगलमा १७ जोडी, पुरुष युगलमा १८ जोडी र महिला युगलमा १२ जोडीले प्रतिस्पर्धा गर्दै छन्।

# भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिने



**नयाँदिल्ली–** सन् १९९० को दशकको सुरुमा देशको आर्थिक उदारीकरणका वास्तुकारमध्ये एक पूर्वप्रधानमन्त्री मनमोहन सिंहको निधनपछि भारतले शुक्रबार सात दिनको राजकीय शोक मनाउने घोषणा गरेको छ । सन् २००४ देखि २०१४ सम्म प्रधानमन्त्रीको कार्यभार सम्हालेका सिंहको बिहीबार साँझ नयाँदिल्लीको अस्पतालमा ९२ वर्षको उमेरमा निधन भएको थियो । उनको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिने छ ।

'दिवंगत महानुभावप्रति सम्मानस्वरूप सम्पूर्ण भारतमा सात दिनको राजकीय शोक मनाइने निर्णय गरिएको छ,' भारत सरकारले शुक्रबार एक विज्ञप्तिमा भनेको छ । शोक जनवरी १ सम्म मनाइने छ । 'स्वर्गीय डा. मनमोहन सिंहको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिने निर्णय पनि गरिएको छ,' विज्ञप्तिमा उल्लेख छ । राष्ट्रिय झण्डा आधा झुकाइने छ ।

अस्ट्रेलियासँग चौथो टेस्ट खेलिरहेको भारतीय क्रिकेट टोलीले शुक्रबार सिंहप्रति सम्मान प्रकट गर्न कालो हातको ब्यान्ड लिएर शुक्रबार मैदानमा पुगेको थियो । राजकीय अन्त्येष्टि आज हुने तय भएको छ ।

### सरल टेक्नोक्र्याट

पूर्वप्रधानमन्त्री एक सरल टेक्नोक्र्याट थिए । उनलाई पहिलो कार्यकालमा एसियाको चौथो ठूलो अर्थतन्त्रको आर्थिक वृद्धिको नेतृत्व गरेकामा प्रशंसा गरिएको थियो तर उनको दोस्रो कार्यकाल ठूला भ्रष्टाचार काण्ड, मन्द विकास र उच्च मुद्रास्फीतिका साथ समाप्त भयो ।

दोस्रो कार्यकालमा सिंहको अलोकप्रियता र तल्लो सदनमा हालका विपक्षी नेता नेहरू-गान्धी वंशज राहुल गान्धीको कमजोर नेतृत्वले सन् २०१४ मा प्रधानमन्त्री नरेन्द्र मोदीको पहिलो भारी जितमा योगदान गऱ्यो ।

सन् १९३२ मा अहिले पाकिस्तानमा रहेको गाह गाउँको माटोको घरमा जन्मिएका सिंहले विशाल राष्ट्रमा गरिबी उन्मूलन गर्ने तरिका खोज्न अर्थशास्त्रको अध्ययन गरे । राष्ट्रको सर्वोच्च पद लिनुअघि उनी कहिल्यै निर्वाचित पदमा बसेका थिएनन् । उनले केम्ब्रिजबाट अर्थशास्त्रमा प्रथम श्रेणी र अक्सफोर्डबाट विद्यावारिधि हासिल गर्न छात्रवृत्ति पाएका थिए ।

सिंहले वरिष्ठ निजामती सेवाका विभिन्न पदमा काम गरे, केन्द्रीय बैंकको गभर्नरको रूपमा सेवा गरे र संयुक्त राष्ट्रसंघजस्ता विश्वव्यापी एजेन्सीहरूमा विभिन्न पद सम्हाले । सन् १९९१ मा तत्कालीन कांग्रेसी प्रधानमन्त्री पिभी नरसिंह रावले उनलाई भारतको आधुनिक इतिहासको सबैभन्दा खराब वित्तीय संकटबाट देशलाई उकास्न जिम्मेवारी दिएका थिए ।

आफ्नो पहिलो कार्यकालमा सिंहले नौ प्रतिशतको आर्थिक वृद्धिको अवधिमा अर्थतन्त्रको नेतृत्व गरे । यसले देशलाई लामो समयदेखि खोजिरहेको अन्तर्राष्ट्रिय प्रभाव दियो ।

उनले अमेरिकासँग एउटा ऐतिहासिक आणविक सम्झौतामा पनि हस्ताक्षर गरे । उनले उक्त सम्झौताले भारतलाई आफ्नो बढ्दो ऊर्जा आवश्यकताहरू पूरा गर्न मद्दत गर्ने बताएका थिए । *रासस⁄एएफपी*

# दक्षिण कोरियाका कार्यबाहक राष्ट्रपतिविरूद्धको महाभियोग प्रस्ता पारित



**सियोल–** दक्षिण कोरियाका विपक्षी नियन्त्रित संसद् (नेसनल एसेम्बली) ले शुक्रबार कार्यवाहक राष्ट्रपति हान डक-सोलाई महाभियोग लगाउने प्रस्ताव पारित गरेपछि उनी पदबाट निलम्बित भएका छन् ।

निवर्तमान राष्ट्रपति हान पदबाट निलम्बित भएपछि रिक्त हुन आएको उक्त पदमा अर्थमन्त्री चोई साङ मोकले शुक्रबारदेखि नै कार्यवाहक राष्ट्रपतिको कार्यभार सम्हाल्ने भएको छ । विपक्षी नियन्त्रित नेसनल एसेम्बलीले हानलाई महाभियोग लगाउने प्रस्ताव पारित गरेपछि कार्यवाहक राष्ट्रपति हान पदबाट निलम्बित भएको र उक्त स्थानमा उपप्रधानमन्त्रीसमेत रहेका आर्थिक मामिलामन्त्री चोइले उक्त भूमिका सम्हाल्ने तयारी गरेको कोरियाली अधिकारीलाई उद्धृत गरी स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

अर्थ मन्त्रालयका अनुसार चोईले हानसँग बैठक गर्ने र त्यसपछि सेना प्रमुखसँग फोनमार्फत् सम्वाद गरी सरकारका मन्त्रीहरूलाई निर्देशन दिने योजना बनाएको बताइएको छ । कार्यवाहक राष्ट्रपतिले जनताका नाममा लिखित सम्बोधन गर्ने र राष्ट्रिय सुरक्षा परिषद्को बैठक बोलाउने कार्यक्रम तय भइसकेको मन्त्रालयले जनाएको छ । *रासस⁄एएफपी*

# जापानमा वृद्ध जनसंख्या र सुरक्षाका लागि अहिलेसम्मकै धेरै बजेट



**टोकियो–** जापान सरकारले आगामी आर्थिक वर्षका लागि नयाँ बजेट पारित गरेको छ । बजेटले वृद्ध जनसंख्याको व्यवस्थापनका लागि सामाजिक कल्याण र क्षेत्रीय खतरासँग जुध्न बजेटमा विशेष ध्यान दिएको छ ।

सरकारले सन् २०२५ को अप्रिलदेखि सुरु हुने वर्षका लागि ११५.५ ट्रिलियन येन अर्थात् ७३० अर्ब अमेरिकी डलरको बजेटमा ८.७ ट्रिलियन येन सुरक्षा खर्च समावेश गरेको छ । सामाजिक सुरक्षा खर्च पनि ३८.३ ट्रिलियन येन समावेश छ जुन अघिल्लो वर्षको ३७.७ ट्रिलियन येनभन्दा बढी हो । जापानका प्रधानमन्त्री शिगेरु इशिबाको चेतावनीलाई दोहोऱ्याउँदै जापानले दोस्रो विश्वयुद्धपछिको सबैभन्दा कठिन र जटिल सुरक्षा वातावरणको सामना गरिरहेको रक्षा मन्त्रालयले जनाएको छ । जापानसँग युद्धपछिको शान्तिवादी संविधान छ, जसले उसको सैन्य क्षमतालाई रक्षात्मक उपायहरूमा सीमित गर्दछ ।

जापानले सन् २०२२ मा प्रमुख सुरक्षा र प्रतिरक्षा नीतिलाई अद्यावधिक गर्दै चीनले खडा गरेको चुनौतीलाई स्पष्ट रूपमा संकेत गर्दै सन् २०२७ सम्ममा आफ्नो रक्षा खर्चलाई कूल गार्हस्थ उत्पादनको दुई प्रतिशतको नाटोको मापदण्डमा दोब्बर बनाउने प्रतिबद्धता जनाएको छ ।

शुक्रबार स्वीकृत ८.७ ट्रिलियन येनले जापानको आत्मरक्षा बलमा भर्ती भएकाहरूलाई आकर्षित गर्न र ओकिनावाका स्थानीयहरूसँग अमेरिका र जापानी सेनाबीचको सम्बन्ध सुधार गर्न मद्दत पुऱ्याउने उपायहरूको लागि भुक्तानी गर्न मद्दत गर्ने छ । यसले उत्तर कोरियाले प्रहार गरेका ब्यालेस्टिक क्षेप्यास्त्रहरू र चीनसँग विवादित क्षेत्रसहित जापानको समुद्री क्षेत्रमा जहाजहरूको गतिविधिको बारेमा जानकारी संकलन गर्ने उपग्रह प्रणालीतर्फ पनि जाने छ ।

योमिउरी पत्रिकाले बिहीबार आयोजना गरेको एक कार्यक्रममा इशिबाले भने, 'हाम्रो प्रतिरक्षा क्षमतालाई बलियो बनाउने विषयमा हामी सक्रियताका साथ काम गरिरहेका छौं । अहिले हाम्रो सैन्य ट्यांक वा सवारीसाधन जतिसुकै धेरै भए पनि यदि हामीसँग उनीहरूलाई सार्न पर्याप्त मानिस छैनन् भने त्यो निरर्थक छ ।'

